# प्रदेश सभा

# सामाजिक विकास समिति

सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली

**बैठक संख्याः५१**

**मितिः२०८१।०९।१०**

## छलफल तथा निर्णय

**निर्णय १**

आजको बैठकमा आमन्त्रित विज्ञ सरोकारवालाहरुसँग सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) बमोजिम कानुनको प्रभावकारिता वा कार्यान्वयनमा देखिएका समस्या वा सुधारका विषय वा औचित्यताको पहिचान गर्ने प्रयोजनका लागि सुदूरपश्चिम प्रदेशमा विद्यमान रहेको **दलित सशक्तिकरण ऐन, २०७८** उपर भएको छलफलमा रचनात्मक सुझावहरु प्राप्त भयो। छलफलमा सुदूरपश्चिम प्रदेशमा रहेका दलितका क्षेत्रमा कार्यरत संघसंस्थाका प्रमुख एवं प्रतिनिधिहरुको सहभागिता रहेको थियो । साथै प्रदेश सरकारका पुर्व सामाजिक राज्यमन्त्रीलाई समेत सरोकारवालाका रुपमा आमन्त्रण गरिएको थियो। छलफलमा उपस्थित सरोकारवालाहरुले ऐन बनेको ४ वर्षसम्म पनि सुदूरपश्चिम प्रदेश सरकारले त्यसलाई कार्यान्वयनमा ल्याउन नसकेकोले उक्त ऐन तत्काल कार्यान्वयन हुनुपर्ने माग राख्नुभएको थियो । ऐन बमोजिम गठन हुने समितिहरुमा भौगोलिक समावेशीतालाई समेत ध्यान दिनुपर्नेमा सरोकारवालाहरुको जोड रहेको थियो।

**निर्णय २**

सुदूरपश्चिम प्रदेश सभा नियमावली, २०८० को नियम १३४(१) ले सुम्पेको सोही जिम्मेवारी बमोजिम दलित सशक्तिकरण ऐन, २०७८ को कार्यान्वयन मापन गर्ने प्रयोजनका लागि प्रारम्भिक चरणमा **दलित सशक्तिकरण ऐन, २०७८** का सवालमा छलफल गर्नका लागि सामाजिक विकास मन्त्रालयका माननीय मन्त्री र सचिवलाई समितिको आगामी बैठकमा आमन्त्रण गर्ने निर्णय गरियो।

**निर्णय ३**

समितिको अर्को बैठक मिति २०८१ साल पौष ११ गते विहान १२:३० बजे बस्ने भएकोले उक्त समयसम्मका लागि सामाजिक विकास समितिको आजको बैठक स्थगित गरियो।